दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक २०३ | बुटवल | २०८१ साउन ०५, गते शनिबार | नेपाल संवत ११४४ | Saturday July 20, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

**सुर्तीजन्य पदार्थको तत्कालीन असर**

सुर्तीजन्य पदार्थको सेवनलेः
-झुम्म पार्ने, मस्तिष्क सुस्त हुने ।
-रक्तनलीमा बोसोजन्य पदार्थ (कोलेस्टेरोल) को मात्रा बढने,
-आँखा घाँटी र मुखमा अप्ठ्यारो महसुस हुने, हात काम्ने,
-पेटमा अम्लको मात्रा बढ्ने, छालाको तापक्रम घट्ने,
-मुटुको धड्कन बढ्ने,
जस्ता तत्कालीन असरहरु देखिन सक्ने भएकोले सुर्तीजन्य पदार्थ सेवन नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# गौतमबुद्ध विमानस्थलको महँगो पार्किङ शुल्क : चौतर्फी आलोचना

**२०८० जेठ अगाडि भने मोटरसाइकलको पार्किङ शुल्क ५, कारको १०, मिनिबसको २० र बस/ट्रकको ४० रुपैयाँ लिने गरिन्थ्यो । पार्किङ शुल्कमा भारी वृद्धि गरेपछि सर्वसाधरण मर्कामा परेका छन् ।**

**मोहम्मद हबिब**
*भैरहवा*



भैरहवास्थित गौतमबुद्ध विमानस्थलमा आउने सर्वसाधरणले मोटरसाइकल पार्किङ गरेबापत अहिले ३० रुपैयाँ प्रतिघण्टा तिर्नुपर्छ । यस्तै कारले ६०, मिनिबसले ८० र बस ट्रकले १२० तिर्नुपर्छ । यो दर लागू भएको केही महिना मात्रै हँदा अत्यधिक महँगो भएको भन्दै सर्वत्र चर्को आलोचना भइरहेको छ ।

यसअघि २०८० जेठ १० गतेदेखि फागुन ३० गतेसम्म भने यहाँ पार्किङको शुल्क लाग्दैन थियो । पुरानो ठेक्का रद्द भइ विमानस्थल कार्यालयले नयाँ ठेक्काको टेण्डर नभएकोले सर्वसाधरणले निःशुल्क पार्किङ गरिरहेका थिए । २०८० जेठ अगाडि भने मोटरसाइकलको पार्किङ शुल्क ५, कारको १०, मिनिबसको २० र बस/ट्रकको ४० रुपैयाँ लिने गरिन्थ्यो । केही महिनादेखि साप्ताहिक एउटा मात्रै उडान गरिरहेको विमानस्थलमा अहिले भने एक महिनायता कुनै उडान भएको छैन । आन्तरिक उडानमा सीमित भएको यो विमानस्थलको स्तरोन्नतिसँगै अन्तर्राष्ट्रिय निर्देशिकाअनुसार पार्किङ शुल्क र बहाल शुल्कमा भारी वृद्धि गरेको छ । जसको कारण सर्वसाधरण मर्कामा परेका छन् ।

विमानस्थल प्रशासनलाई समेत विगतको तुलनामा पार्किङ अप्रत्यासित वृद्धि भएको महशुश भए पनि यसबारे सुनुवाइ गर्न सकेको छैन । नियावाली २०८० अनुसार आन्तरिक र अन्तर्राष्ट्रिय गरेर २ वटा वर्ग मात्रै छ । विमानस्थलको स्तरोन्नतिसँगै अन्तर्राष्ट्रिय विमानस्थल कायम भएकोले सोको निर्देशिका अनुसार पार्किङ्सहित सबै शुल्कमा वृद्धि गर्न बाध्य भएको विमानस्थलका अधिकृत संजिव ज्ञवालीले बताए ।

उनका अनुसार विमानस्थल अन्तर्राष्ट्रिय भएसँगै विमानस्थलमा अन्तर्राष्ट्रिय उठान हुन नसके पनि पार्किङ, विमानस्थलभित्रका पसलहरुको भाडा, विज्ञापनको शुल्क निकै बढेको छ ।

यसअघिको मापदण्डअनुसार प्रतिवर्गमिटर विज्ञापनको लागि ५ सय रुपैयाँ शुल्क थियो भने अहिले वृद्धि भइ ५ हजार रुपैयाँ बनाइएको छ । जसका कारण विज्ञापनदाता तथा पसल सञ्चालक, सेवाग्राही सबैलाई गाह्रो भएको छ । विमानस्थलभित्र सञ्चालनमा रहेका विभिन्न पसल स्थलको भाडा समेत निकै वृद्धि भएको छ । जसका कारण विमानस्थललाई आधार बनाएर लगानी गरेका लगानीकर्ता थप मारमा परेका छन् । 'निर्देशिका अन्तर्राष्ट्रिय मापदण्डअनुसार भयो, तर विमान सञ्चालन आन्तरिक मात्र हुँदा असजिलो भयो, हामीले केही समयका लागि निर्देशिका संशोधानका लागि माथि अनुरोध समेत गरेका छौं ।'- अधिकृत ज्ञवालीले भने । उनले हालको ठेक्काअनुसार कम्पनी नियमितरुपमा नियमानुसार त्रैमासिक रुपमा भुक्तानी गरिरहेको बताए । उनका अनुसार विमानस्थल पार्किङ्का लागि भैरहवामा रहेको इब्रहिम कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.ले वार्षिक २४ लाख ८२ हजार ५ सयमा सम्झौता गरिएको छ । जुन विगतको तुलनामा ३ गुणा बढी हो । 'विमानस्थलको स्तरोन्नतिअनुसार पार्किङ् शुल्क निर्धारण गर्दा स्वभाविक रुपमा महँगो पर्न गयो, यो हाम्रो बाध्यात्मक अवस्था हो,' अधिकृत ज्ञवालीले भने-'निर्देशिका अनुसार न्युनतम् रकम २४ लाख ८२ हजार रहेको छ । तीन पटकसम्म ठेक्का निकाल्दा पनि कसैको निवेदन नपरेपछि महँगो भयो भनेर सबै पछि हटे । अन्त्यमा एउटा कम्पनीले मात्रै टेण्डर दिएपछि सम्झौता गरेर काम अघि बढेको छ ।'

विमानस्थलभित्र तोकिएको पार्किङ सवारी पार्क गर्ने सवारी धनीले मोटरसाइकल, स्कुटरलगायतका दुई पांग्रे सवारी साधन पार्किङ गर्दा प्रतिघण्टाको ३० रुपैयाँ ठेकेदार कम्पनीलाई भुक्तानी गर्नुपर्छ । जुन यसअघि रु ५ रुपैयाँ प्रतिघण्टा थियो ।

यस्तै कार भ्यानलगायतका साना चार पांग्रे सवारी साधानका लागि प्रतिघण्टा ६० रुपैयाँ, हल्का सवारी जस्तै मिनि ट्रक जस्ता लोडेड सवारीहरुले प्रतिघण्टा ८० रुपैयाँ शुल्क तिर्नुपर्छ भने ठूला सवारी बसलगायतले प्रतिघण्टा १ सय २० रुपैयाँ शुल्क तिर्नुपर्ने हुन्छ । जुन विगतको तुलनामा निकै महँगो हो । यसअघिको सम्झौताअनुसार ठेकेदार कम्पनीले वार्षिक ९ लाख विमानस्थललाई पार्किङ्बापत बुझाउँदै आएको थियो । कम रकममा ठेक्का सम्झौता भएकै कारण साना दुई पांग्रे सवारीका लागि रु ५ रुपैयाँ, कार, जीपका लागि १० रुपैयाँ, हल्का सवारी २० रुपैयाँ र ठूला सवारीका लागि ४० रुपैयाँ प्रतिघण्टा तोकिएको थियो ।

२०८० चैतमा एक वर्षको लागि ठेक्का सम्झौता गरिएको छ । सम्झौताअनुसार सरकारी, प्राधिकरण, एम्बुलेन्स, शव वाहन, फायर जस्ता आकस्मिक सवारीहरुलाई पूर्णत निःशुल्क पार्किङको सुविधा रहेको छ । शुल्क अत्यधिक वृद्धि हुँदा ठेकेदार कम्पनीलाई समेत केही समय निकै कठिन भएको ठेक्का कम्पनीका सञ्चालक मुस्तफाले गुनासो गरे ।

उनले भने-'हामीले तोकेको शुल्क होइन, विमानस्थलले तोकेको शुल्क उठाउन पनि केही समय गाह्रो भयो, जिल्ला प्रशासनसम्म जानुपऱ्यौ, तर अब भने सबैले बुझिसक्नुभयो ।' ठेक्का नै महँगो भएको उनले बताए । आन्तरिक उठान नियमित हुँदा राम्रै शुल्क उठे पनि जाडो महिनामा विमान आउन नसक्दा आम्दानी नहुने सञ्चालक मुस्तफाले जनाए । उनका अनुसार अहिले दैनिक दुई सय दुई पांग्रे सवारी मोटरसाइकल, स्कुटरले पार्किङ् गर्ने गरेका छन् । यस्तै सय बढी कार पार्किङ्का लागि आउने गरेका छन् ।

प्रगतिनगर खानेपानीमा विवाद :

# प्रत्यक्ष चुनावबाट नेतृत्व छान्न माग



**लुम्बिनी संवाददाता**
*बुटवल*

बुटवल-११ स्थित प्रगतिनगर खानेपानी तथा सरसफाइ संस्थामा प्रत्यक्ष निर्वाचनबाट नेतृत्व चयन गर्नुपर्ने माग गर्दै उपभोक्ताहरुले शुक्रबार ज्ञापनपत्र बुझाएका छन् ।

बिसी टोल विकास संस्थाका अध्यक्ष वीरबहादुर कुँवरको संयोजकत्वमा विभिन्न टोल विकास संस्थाका प्रतिनिधिले खानेपानी संस्थाका सह-सचिव टिकाराम सुनारलाई ज्ञापनपत्र बुझाएका हुन् । प्रत्येक वर्ष साधारणसभा गरी संस्थाको आयव्यय सार्वजनिक गर्नुपर्ने र २/२ वर्षमा अधिवेशन गर्नुपर्नेमा २०६४ सालयता साधारणसभा र अधिवेशन नगरेको असन्तुष्ट उपभोक्ताको भनाइ छ ।

संस्थाका अध्यक्ष जीतबहादुर मल्ललाई पटक-पटक साधारणसभा तथा अधिवेशन गर्न अनुरोध गर्दासमेत बेवास्ता गर्दै आएपछि ३५ दिनभित्र साधारणसभा तथा अधिवेशन गर्न माग गर्दै गत असार १९ गते प्रमुख जिल्ला अधिकारी गणेश अर्यालसहित बुटवल उप-महानगरपालिका, खानेपानी डिभिजन कार्यालय, बुटवल ११ वडा कार्यालय र खानेपानी संस्थामा ज्ञापनपत्र बुझाइएको एफ सेक्टर टोल विकास संस्थाका अध्यक्ष टेकबहादुर गुरुङले बताए । लामो समयसम्म संस्थाको साधारणसभा तथा अधिवेशन नहुँदा आर्थिक अनियमिततासमेत भएको हुनसक्ने उपभोक्ताहरुको आशंका रहेको उनले औंल्याए ।

उनका अनुसार आम उपभोक्ताहरुलाई जानकारी नगराइ शनिबार प्रतिनिधि छनोट गर्ने तयारी गरिएको छ ।

ज्ञापनपत्र बुझाउनुअघि आयोजित कोणसभामा बोल्दै उपभोक्ताहरु तेजेन्द्र खनाल, शंकर ज्ञवाली, हरि भट्टराई, रेबन्त विश्वकर्मालगायतले स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम पारित भएको बुटवल उप-महानगरपालिका जलस्रोत (उपयोग) ऐन, २०८० लाई समेत बेवास्ता गरी मनोमानी ढंगले गर्न खोजिएको साधारण सभाप्रति उपभोक्ताहरुको असहमति रहेको बताएका थिए । प्रत्येक सदस्यले साधारणसभामा सहभागी भइ प्रतिवेदन उपर छलफल तथा नेतृत्व चुन्न पाउनुपर्ने अधिकारसहितको साधारणसभा गर्न उनले आग्रह गरे ।

» बाँकी ३ पेजमा

# महिला एसिया कपमा नेपाल विजयी



बुटवल । श्रीलंकामा शुक्रबारदेखि सुरु भएको महिला एसिया कपमा नेपालले विजयी सुरुवात गरेको छ ।

पहिलो खेलमा यूएइविरुद्ध नेपालले २३ बल बाँकी छँदै ६ विकेटको जित दर्ता गरेको हो । खेलमा सम्झना खड्काले विस्फोटक ब्याटिङ गर्दै ४५ बलमा ७२ रन जोडिन् । उनले आफ्नो इनिङमा ११ वटा चौका प्रहार गरेकी थिइन् ।

यसबाहेक नेपालका लागि सीता राना मगरले ७, कविता कुँवरले २, इन्दु बर्माले ६, रुबिना क्षेत्रीले १० र पूजा महतोले ७ रन जोडे । यूएइले नेपाललाई १४ अतिरिक्त रन दिएको थियो ।

यूएइका लागि काविशा एगोडेजले ३ विकेट झार्दा लावण्या केनीले १ विकेट लिएकी थिइन् ।

टस हारेर पहिले ब्याटिङ गरेको यूएइले पूरै २० ओभर खेल्दै ८ विकेट क्षतिमा ११५ रन मात्र बनाएको थियो । नेपालले ४ विकेट क्षतिमा यूएइले प्रस्तुत गरेको ११६ रनको लक्ष्य पूरा गऱ्यो ।

यूएइका लागि खुसी शर्माले ३६ र काविशा एगोडेजले २२ रन बनाउनेबाहेक अरुले धेरै रन जोड्न सकेनन् । इशा ओजा १०, तीर्थ सतिश ९, रिनिथा राजिथ ६, सामिरा धार्निधार्का १३, हिना हचन्दनी ९, वैष्णवी महेश ०, रितिका राजिथ ६ र लावण्या केनीले २ रन जोडे । नेपालले अतिरिक्त २ रन दिएको थियो । बलिङतर्फ नेपालकी इन्दु बर्माले ३ विकेट र सबनम राई र कृतिका मरासिनीले समान १ विकेट झारे ।

खेलमा नेपालकी सम्झना प्लेयर अफ द म्याच भइन् । जितसँगै समूह एमा रहेको नेपालले २ अंक जोडेको छ । नेपालले अब भारत र पाकिस्तानसँग खेल्न बाँकी छ ।

# अर्थतन्त्र चलायमान बनाउन कर्जाको पुनर्तालिकीकरण गर्न माग



**लुम्बिनी संवाददाता**
*बुटवल*

व्यवासायीहरुले अर्थतन्त्र चलायमान बनाउन कर्जाको पुनर्तालिकीकरण गर्न अर्थमन्त्री विष्णु पौडेलसँग माग गरेका छन् ।

नेपाल चेम्बर अफ कमर्सको प्रतिनिधिमण्डलले नवनियुक्त उपप्रधान एवं अर्थमन्त्री विष्णु पौडेलसँग अर्थ मन्त्रालयमा शुक्रबार भेटेर यस्तो माग गरेको हो ।

कालोसूचीमा पर्न लागेका उद्यमी व्यवसायीहरुलाई उद्योग व्यवसायको प्रकृति हेरेर आवश्यकताअनुसार बैंक तथा वित्तीय संस्थासँगको आपसी विश्लेषणबाट केही समयका लागि कर्जाको पुनर्तालिकीकरण गर्न चेम्बरले सरकारको ध्यानाकर्षण गराएको छ ।

कर्जाको पुनर्तालिकीकरण गर्न सकिए उद्यमी व्यवसायीहरुमा ठूलो आत्मविश्वास सिर्जना गर्न सकिने र धेरै उद्यमी व्यवसायीलाई धराशायी हुनबाट जोगाउन सकिने अध्यक्ष कमलेशकुमार अग्रवालले बताए ।

नीतिगत स्थायित्व र अर्थतन्त्रलाई चलायमान बनाउन ४० बुँदे सुझावसहित चेम्बर कार्यसमितिले नवनियुक्त अर्थमन्त्री पौडेलसमक्ष सिंहदरबारमा भेटवार्ता गरेको हो ।

आर्थिक गतिविधिमा आएको संकुचनले माग र आपूर्तिबीच असन्तुलन, निजी क्षेत्रको सम्पत्तिमा संकुचन एवं बैंक तथा वित्तीय संस्थामा तरलता भए पनि निजी क्षेत्रमा लगानीप्रति आकर्षण नभएकोप्रति अर्थमन्त्री पौडेलको ध्यानाकर्षण गराए ।

चेम्बर केन्द्रीय समितिका सदस्यहरुसँग उपप्रधान एवं अर्थमन्त्री पौडेलले निजी क्षेत्रको मागलाई सम्बोधन गर्न सरकार प्रतिबद्ध रहेको बताएका छन् । वर्तमान सरकार राजनीतिक र आर्थिक स्थिरताका लागि बनेको भन्दै उनले शिथिल अर्थतन्त्रलाई चलायमान बनाउन सरकार प्रयासरत रहेको जनाए ।

चेम्बरका निवर्तमान अध्यक्ष राजेन्द्र मल्लले घर जग्गा कर्जामा हाल कायम १२५ प्रतिशतको जोखिम भारलाई १०० प्रतिशतमा झारिनुपर्नेमा जोड दिए ।



दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

# पाहुर

२०८१ साउन ०५ गते, शनिबार

तपाईंका लागि...

**बिट्विन द लाइन्स्...**

"जबसम्म ऊ भुइँमा थियो
कुर्सी नराम्रो थियो
कुर्सी पाउने बित्तिकै उसलाई
भुइँ नराम्रो लाग्न थाल्यो।"

– भारतीय कवि
**गोरख पाण्ड**

**ऋषि ज्ञवाली स्मृति विशेष**

# स्मृतिको पानामा ऋषि दाइ



पदम कार्की

एकाबिहानै राप्ती तरेर पूर्व तिनाउतर्फ हुँइकिंदै थिएँ, कर्ण दाइको नम्बर मेरो मोबाइलमा बज्यो। उहाँ बिरामी हुनुहुन्छ, मोबाइल बज्नासाथ मैले हेलो भनिहाल्छु। मैले हेलो दाइ नमस्ते भनीहालेँ। निरस आवाजमा दाइले सुरुमै भन्नुभयो–ऋषि त बितेछन् नि पदम थाहा पायौं, फेसबुकमा आएको छ। मैले थाहा पाएको छैन, बाटोमा छु दाइ भने। हामी दुई भाइको संवाद यत्तिमै टुंगियो। आफ्नो समकक्षी अति मिल्ने दौत्तरी साथीको मृत्युको खबर सुनाउने दाइको अभिव्यक्ति जत्ति नै निरस भए पनि त्यति नै सत्य पनि हो भन्नेमा विश्वास लाग्यो। त्यो खबर सुनेपछि मेरो सामान्य यात्रा शोक यात्रामा परिणत भयो। ज्यान भालुबाङमा भए पनि मन एक्कासी हुत्तिएर ऋषि दाइसँग उठबस, हिंड्डुल गरेको बुटवल फेरोमा बजारियो।

मलाई लाग्यो, फेरि भेटौंला, छिट्टै भेटौंला अथवा भोली नै भेटौंलाको ऋषि दाइसँगको मिठो वाचाको लामो श्रृखंला अब टुंगियो। फेरि कहिल्यै भेट नहुने गरी एकजना फरासिला भद्र पुरुषको महाप्रस्थान भयो। मेरो मन बिछोडियो। र, लाग्यो दुई दशक बढीको अनुपम संगतका मेरा अभिभावकतुल्य मानिसको जीवनको अन्तिम मोडमा भेट्न असमर्थ अभाग्यको घिट्किसो बाँचुञ्जेल रहिरहने भयो। बहुजनाय हितायको हर होस्टेमा हैसे गर्ने बुटवलका एकजना हस्तीको अवसानले मेरो चित्तमा एक प्रकारको सन्नाटा छायो। गाडी गुडिरहेकै थियो, तर मेरो मन गुडेन। एकजना दाइले गरेको अर्को दाइको मृत्युको खबरले मलाई स्तब्ध बनायो।

छोडेर जानेलाई थाहा हुँदैन कि उसको मृत्युले परिवार कुल कुटुम्ब नातागोताको घेरा बनाउनेछ भन्ने। हामी बाँच्नेलाई थाहा भयो कि मेरो र अरु धेरैको मानसपटलमा त्यो मृत्युको खबरले धक्का लगायो।

शून्यायितं जगत सर्व खेलकुद तथा पर्यटन प्रवर्द्धक सञ्चार उद्यमी नागरिक अगुवा , प्रकृति प्रेमी देशभक्त सामाजिक योद्धा स्वर्गीय ऋषि दाइप्रति भावपूर्ण श्रद्धाञ्जली तथा हार्दिक स्मृति।

२०५१ सालतिर ऋषि दाइसँग मेरो एकतर्फी जस्तो सामान्य चिनाजान थियो। २०५९ सालको पुष २६ गते हो सायद बुटवल फूलबारीमा एउटा भेला आयोजना भयो, त्यो तत्कालीन निरंकुशताकाविरुद्ध र सशस्त्र द्वन्द्वको अन्त्यका लागि नागरिक आन्दोलन उठान गर्ने सन्दर्भमा भएको थियो। ऋषि दाइको अगुवाइमै रमणीय बन्दै गरेको मणिमुकुन्द सेन उद्यान फुलबारीमा भएको उक्त भेलाले डा. डिबी सिंह, कर्णबहादुर कार्की, आरसी चापागाईँ, विनबहादुर कुँवरलगायतको पहल तथा अगुवाइमा संविधानसभाका लागि नागरिक अभियान २०५९ को घोषणा भयो। त्यसमा दिपक ज्ञवाली, सुनगाभालगायतका हामी युवाहरु पनि संगठित भयौं। त्यही नागरिक भेला नै ऋषि दाइलगायतका अगुवाहरुसँगको मेरो प्रथम विशेष भेट थियो। र त्यस्तो संयोग स्वतन्त्रता सेनानी कर्ण दाइले नै जुराई दिनुभएको थियो।



त्यहाँदेखि ऋषि दाइसँग भएको चिनजान एक अर्कालाई नजिकबाट जान्ने बुझ्ने अटुट संगतमा परिणत हुँदै आयो। नागरिक आन्दोलनका हरेक घटना परिघटनामा हामीसँगै भयौं। देशमा शाहीनिरंकुशताले संकटकाल थोपरेर नागरिक अधिकार समेतको हरण गरेको थियो। त्यसका विरुद्ध नागरिक अधिकार तथा संविधानसभाका पक्षमा जनसंघर्षको उभार उत्पन्न गर्ने दौरानमा संघर्षको सहयोद्धाका रुपमा ऋषि दाइसँगसँगै हुने मौका जुर्‍यो। त्यो बेला नागरिक अभियानको नियमित निरन्तर र दैनिकजसो भेला र बैठक भैरहन्थ्यो। बुटवल अस्पताल लाइनस्थित ऋषि दाइको घर नै नागरिक आन्दोलनको बैठक र भेला भवनका रुपमा प्रयोग भैआएको थियो। यो क्रमसँगै २०६२/०६३ को नागरिक तथा राजनैतिक आन्दोलनको उभारमा मलाई पनि लुम्बिनी दैनिकमा जोडिने मौका मिल्यो। जसमा ऋषि दाइ तत्काल प्रबन्ध निर्देशक र पछि अध्यक्षको जिम्मेवारीमा हुनुहुन्थ्यो। संयोगले लुम्बिनीको कार्यालय पनि ऋषि दाइको परिवारभित्रकै घर थियो। लुम्बिनी पत्रिकाले ऋषि दाइ र हाम्रो सम्बन्धलाई थप प्रगाढ र जिम्मेवार बनाइदियो। लुम्बिनी पत्रिका अप्ठारोमा पर्दाका विशेष बैठकहरु पनि सुख्खानगर स्थित ऋषि दाइकै निवासमा हुने गर्दथे। ऋषि दाइसँगको मेरो संगत सामाजिक जागरणका उल्लेखित मुख्य दुई आयामहरुसँग जोडिएर भएको थियो। र त्यसकै आलोकमा मैले उहाँलाई चिनेको छु। लुम्बिनी दैनिक र कलमकर्मीहरु ऋषि दाइका विशेष रुचीका पत्र र पात्र थिए। अब उप्रान्त उहाँ हामीबीच हुनुहुने छैन, तथापी उहाँको संगत गर्नुभएका साथी सहयात्रीहरुको मनको तरेलीमा सदभावपूर्ण व्यवहारसहितको मिजासिलो बोलीबचनको स्मृतिले झझल्कोमा उहाँ आइरहनुहुनेछ।

हरेक पुष ११ मा फूलबारीमा दैनिक लुम्बिनी परिवार तथा सम्बद्धहरुका लागि ऋषि दाइको संयोजनमा हुने गरेका बहुआयामिक वनभोज कार्यक्रमले सधैँ ऋषि दाइको खोजी गरिरहने छ।

कहिलेकाहीँ आक्कल झुक्कल मात्र गम्भीर मुद्रामा देखिने ऋषि दाइ सधैँ मुसुक्क मुस्कुराइरहने हसिलो अनुहारमा खुसी र भरोसाको विम्ब हुनुहुन्थ्यो। साथी समूहमा धेरै रमाउने ऋषि दाइ साथीभाइको अभावमा सापटी र दुखाइमा मलम भइदिने सारथी हुनुहुन्थ्यो।

इमान जमान तथा वाचाकबुलको पालना उहाँको परम धर्म थियो। राजनीतिमा सक्षम रुपले चासो राख्ने ऋषि दाइको निवास राजनीतिकर्मीका लागि सुरक्षित आश्रय स्थल थियो। ती आश्रय लिनेहरुमध्ये कैयौं देशको शासनसत्ताका प्रमुखसम्म बनिसकेका होलान्। उनीहरुलाई देशको माया कति छ थाहा छैन, ऋषि दाइलाई भने देशको अगाध माया थियो।

साथीभाइमा उहाँका समकक्षीहरुका अलवा उहाँभन्दा उमेरले धेरै कान्छो म जस्तै धेरै उहाँका आदरार्थी साथीको दर्जामा थियौं। स्नेह र आदर मिश्रित उहाँको सम्बन्धमा सम-उमेरका अलवा कच्चा उमेरका साथीहरु पनि धेरै थियौं। सामाजिक जागरणको क्षेत्रमा खटिएका मानिसहरुको पंक्तिसँग उहाँ सद्भाव र सहयोगको रुचीपूर्ण संगतमा रहनु भयो।

मलाई यत्ति थाहा छ, बडापन तथा अहंकार मुक्त एक जना सरल र फरासिलो मान्छे हामीबीचबाट अलप हुनुभयो। यो समाजभित्रका कैयौं अवयवमा उहाँको उपस्थितिका डोब हस्ताक्षर र छापहरु हाम्रालागि अमिट चिनो बनेर रहने छन्। उहाँका रक्तकणहरु पनि उहाँको पारिवारिक मात्र होइन, सामाजिक विरासतको पनि उत्तराधिकारी हुन्। समर्थ हुने अपेक्षा छ। ऋषि दाइको भौतिक परिस्थितिको अभाव खड्किए पनि स्मृतिका पानाहरुमा उहाँ अमर भइरहनुहुनेछ।

# मेरो सम्झनामा ऋषि दाइ



रामप्रसाद आचार्य

०५३ सालमा एसएससी सकेपछि बुटवलमा अध्ययन गर्ने मेरो समय मिलेको हो। दाङ, कपिलवस्तुमा प्राथमिक तहका कक्षाहरू ३ कक्षासम्म पढेपनि पछि अर्घाखाँचीको गाउँमा बसेर एसएलसी दिएको थिएँ। १ सय २० जनाले १० कक्षा पढे पनि निकै थोरै पास भएका थियौं। विद्यालयबाट दोस्रोपटक प्रथम श्रेणीमा उत्तीर्ण गरेकाले पनि सबै गुरु वर्ग र आफन्तको सल्लाहमा विज्ञान पढ्न बुटवल सुख्खानगरमा बस्ने सानिमा सावित्रा र सानाबुवा लक्ष्मण खनाल समक्ष पुगेपछि नै ऋषि दाइलाई आफ्नो ढंगले चिन्ने समय पाएको हुँ।

उमेरको हिसाबले मेरो बुवाकै हाराहारीमा भए पनि सुरुदेखि नै उहाँले मलाई भाइ भन्नुभयो मैले दाइ भनिरहेँ, त्यही नै चलिरह्यो। सानाबुवाले उहाँले सिलाङमा गरेको प्रगति र यहाँ आएर गरेको प्रगति सुनाउनुहुन्थ्यो, मैले उहाँका प्रशंसा सुन्थे मात्रै किनकी धेरै विषय उहाँको विषयमा म जानकार पनि थिएन र उमेर पनि सानै थियो। त्यो समयमा पनि सुख्खानगरमा बुटवलकै नमूना घर बनाउनुभएको थियो, ऋषि दाइले। बुटवल बहुमुखी क्याम्पस पढ्न थालेपछि नै विद्यालय तहमा जोडिंदै गरेको अनेरास्ववियुमा क्रियाशील बनियो। ऋषि दाइको राजनीतिक लगावका विषयमा सानुबुवाले बेलाबेलामा सुनाउनुहुन्थ्यो।

पुष्पलालसँगसँगै हिंड्नुभएको, केपी ओली, बामदेव गौतमलगायतका धेरै नेताहरू उहाँको घरमा निरन्तर आइरहने र उहाँको बैनी राधा पनि सो पार्टीको नेता भएको विषय उहाँले सुनाएपछि आफ्नैजस्तो लाग्थ्यो र बाटोमा हिंड्दा बाहिरै निस्केर उहाँलाई नमस्कार गर्न र केही कुरा सुन्न मन लाग्थ्यो। एकदिन सानाबुवासँगै बसेर उहाँको राजनीतिक लगाव र बुटवल क्षेत्रमा आएपछिको क्रियाशीलता सुनेपछि उहाँसँग धेरै नजिकजस्तो लाग्न थाल्यो। मैले उहाँलाई त्यो बसाईपछि राम्रै चिने पनि उहाँले भने सानाबुवाबाहेक भेट हुँदा भने सजिलै चिन्नुहुन्थेन। एकदिन बाटोमा भेटेर म आफैँ परिचय दिएर बोल्न खोजेपछि उहाँले जस्तोसुकै अवस्थामा अध्ययनलाई निरन्तरता दिन दिएको सुझाव भर्खरजस्तो लाग्छ। उहाँले नै त्यो समयमा होम ट्यूसन पढाउन मिलाइदिएको अवसरले मलाई आर्थिक रुपमा पनि ठूलो सहयोग भएको थियो। दिनहरू बित्दै गए। केही समयपछि म सानिमाको बसाई छाडेर गोलपार्क बस्न थालेँ र उहाँसँग मैले कम भेट्न पाएँ। क्याम्पस पढ्दैगर्दा पत्रकारिता सिक्ने रहर जाग्यो। अलिअलि रहर लागेपनि मसँग त्यस्तो अब्बल क्षमता भने थिएन। सबै क्षेत्रमा अलिअलि जान्न खोज्ने हुटहुटी थियो। देउराली, भावना, मेचिकालीमा अलिअलि कोरेका रचना कहिलेकाँही प्रकाशन हुँदा आफैँलाई भयंकर तरक्की गरेजस्तो घमण्ड हुने गर्दथ्यो। पछि मेचीकाली दैनिकको प्रकाशन आरम्भ नहुँदै ८ महिना पहिलेबाट यहाँ आबद्ध बनियो।

पत्रकारिता, यसको व्यवस्थापनका आधारभूत विषय यहाँबाट सिक्ने अवसर भयो। यो सायमा ऋषि दाइ आबद्ध दैनिक लुम्बिनी मिलनचोकमा कार्यालय सरिसकेको थियो। पहिले अरब बैंक अगाडि कार्यालय भएको र कलेजका गतिविधि लिएर जाने र दैनिक सबै अक्षर पढ्ने भएकाले यसमा अलिक अपनत्व हुने गर्दथ्यो। केही वर्ष मेचीकालीमा काम गरेपछि त्यहाँ छाडेर गोरखापत्रमा काम गर्दै थिएँ। संकटकाल लागेपछि ०५८ मंसिर १६ मा जनसंघर्षबाट सामूहिक रुपमा गिरफ्तारीमा परियो। केही दिनपछि रिहा भएर त्रास बढेपछि केही महिना अर्घाखाँचीमा बसेर पुनः बुटवल फर्केपछि दैनिक लुम्बिनीमा काम थालियो। त्यो बेला पहिलो दोस्रो दिन नै ऋषि दाइले समाचारका विषय दिने, स्रोत व्यक्तिको पहिचान दिने र त्यसको फलोअपका लागि लगातार लेख्न उत्प्रेरणा गर्ने गराउने उहाँको बानीले निकै ऊर्जा थप्थ्यो। उहाँसँगको संस्थागत सम्बन्ध पछि पारिवारिक रुपमा पनि जोडियो। मेरो मावली काका डाक्टर राजेन्द्र खनाल उहाँको दाइको छोरीसँगै विवाह भयो।

त्यो विवाहको टिकाटालोदेखि बिहेबारी सबै उहाँकै घरबाट र दाइको व्यवस्थापनबाट भएको थियो। दैनिक लुम्बिनीमा सम्पादन शाखामा काम गर्दै जाँदा व्यवस्थापन फेरियो। श्याम पाठकसहित मनबिर गर्बुजाको टोली प्रवेश भयो र श्याम दाई अध्यक्ष बन्नुभयो। तत्कालीन समयमा व्यवस्थापक विष्णु पौडेलले छाडेपछि ठूलो संकट आइलाग्यो अनि मलाई व्यवस्थापनसमेत हेर्नुपर्ने जिम्मेवारी आइलाग्यो। शुरुमा त मलाई यो अलिक भारी हुने लागेको थियो तर अवसरको सदुपयोग गर्नुपर्ने र काम गरेर देखाउनुपर्ने भएकाले आँटे र आफूलाई राम्रै गरेको लाग्यो। यो बीचमा ऋषि दाईसँग अलिक बढी सम्बन्ध बलियो भयो। यो समयमा ऋषि दाइ मणिमुकुन्द सेन उद्यान फूलबारी विशेष जिम्मेवारीमा हुनुहुन्थ्यो भने एन्फामा पनि उसैगरी खटिनुहुन्थ्यो। दाई आफैँ साधन नचलाउने भएकाले पत्रिका, फेलबारी, एन्फा दौडने समयमा मोटरसाइकलमा धेरै हिंडाउनुभयो, तर त्यो बीचको समय सबै उहाँले समाचारका विषयहरू, व्यवस्थापनका विषयहरूमै केन्द्रीत गुर्नहुन्थ्यो। काम गर्दै जाँदा दैनिक लुम्बिनीबाट श्याम दाइ, मनवीर दाइ र किशोर ज्ञवालीको समूह नै निस्केर नयाँ सत्ता दैनिक निकाल्ने सबै तयारीमा लाग्नुभयो।

यो टोली तत्कालीन माओवादीमा बढी नै क्रियाशील भएकाले पुराना लगानीकर्तासँग केही बेमेल भएको थियो। दैनिक लुम्बिनीमा एमबी विश्वकर्मा अध्यक्ष, ऋषि दाई प्रबन्ध निर्देशक, सल्लाहकार एमपी मैनाली र प्रधानसम्पादक कर्णबहादुर कार्की रहनुभयो। पत्रकारबाट पं बाबुराम भट्टराई, विष्णु घिमिरे पनि नयाँसत्तामा जानुभयो। यो बीचमा पूर्वसहकर्मी यानेन्द्र जीसी पनि पत्रिका छाडिसक्नुभएको थियो। मलाई नयाँ सत्तामा जान ठूलो दवाव थियो, श्याम दाइकै कारण मैले व्यवस्थापन सम्हालेका कारण एमबी दाइ, ऋषि दाइले मलाई उता जानसक्ने आंकलन गर्नुभएको रहेछ, तर मैले जुन ठाउँमा काम गरेँ त्यहाँ केही नगरी संस्था छाड्न नहुने अठोटमा साथ दैनिक लुम्बिनीमै बस्ने निर्णय गरे। यो विषयमा ऋषि दाइको घरमै बसेर धेरै पटक छलफल भयो। त्यसपछि ऋषि दाई दिनहुँ कार्यालय आउने गरेपछि सम्बन्ध थप बलियो बन्दै गयो।

त्यति लामो समय काम गर्दा दाइ एकपटक समाचारकै विषयमा अलिक रिसाउनुभयो। एसएलसीको नतिजा निस्कने दिन अहिलेजस्तो सञ्चारको धेरै सुविधा थिएन। नेटको पनि पर्याप्त सुविधा थिएन। सबै समाचार कागजमा लेखेर टाइप गर्ने चलन थियो मैले अलिअलि कामचलाउन टाइप गर्ने गर्दथे। सानासाना समाचार पनि राती अबेरसम्म बसेर ब्रेक गर्ने नाम लुम्बिनी अग्रपंक्तिमा आउथ्यो। एकदिन एसएलसीको नतिजा आउने दिन ऋषि दाइ कार्यालयबाट निस्कने बेला रातीसम्म बसेर भए पनि यो समाचार पेपरमा राख्नुपर्छ भनेर जानुभयो। डेक्ससम्पादक यानेन्द्र जीसी आइसक्नुभएको थिएन। उहाँ आएपछि दुई जना बस्ने र यसलाई कभर गर्ने निचोडमा पुग्यौं। राती अबेर भयो। पनिकाले वेभसाइटमा समाचार राख्न निकै ढिला गरेको थियो। ल्याण्डलाइन फोनबाहेक अरु सुविधा थिएन। धेरै रात छिप्पेपछि समाचार आएको थाहा भयो। रुपन्देहीका केही विद्यालयका प्राचार्यसँग पनि कुरा गरियो। अनि वेवसाइट खुल्दा समाचार आएको जस्तो लाग्यो। समाचार तान्दा संयोग अघिल्लो कपि भएछ र प्रिन्ट गरेर नयाँ बनाउँदा पनि उही पुरानो नै गयो। तर रातभर गरेको मेहनत खेर गयो। ४ बजे पेपर छापेर सकिएपछि रातभरी टेबलमा बिताएका हामी दुई जना कतिखेर उज्यालो होला र तारिफ पाइएला भनी कुरेका थियौं। चाउचाउ र बिस्कुट खाएर टेबलमा रात बिताए पनि हामीले गरेको काम कच्चा भएछ। दुर्भाग्य त्यो पटक बोर्ड प्रथम हुने बुटवलकै एभरेष्टका विशाल परे तर हामीले लेखेको समाचारमा पूर्वका विद्यार्थी भएको पर्‍यो। त्यसो त हामीले लेखेको समाचार हामीलाई पत्रकारिता सिकाउनुभएका भरत भुसाललाई पनि राती यानेन्द्रजीले सोध्नुभएको थियो उहाँले पनि वेभसाइटमा राखेको त्यही हो भनेर निश्चित भएपछि राखेका थियौं तर नयाँ गर्न खोज्दा चिप्लियो। बिहानै चियाभन्दा पहिले गालीको वर्षा सुरु भयो। पेपर देखाउँदै रातीभरको परिश्रम भनेर हिंड्न थालेका हामीलाई दाँतमा ढुंगा लाग्यो, बोर्ड प्रथम हुने ऋषि दाइको पनि छिमेकी भएकाले बिहानै कार्यालयमा आउनुभयो र कसरी यस्तो भएको भनेर निकै रिसाउनुभयो।

त्यति लामो समय काम गर्दा रिसाएको त्यही नै हो। पछि प्राविधिक विषय बताएपछि र पं. बाबुराम दाइले मुल्ला नसरुद्दिनको उदाहरण दिएर बेलायतकी महारानी आउँदा नेपालको फलको विषयमा गोरखापत्रका भएको गल्तीको उदाहरण दिएपछि त्यो दिनको रिस सामसुम भएको थियो। तर त्यो कमजोरी छोप्न हामीलाई निकै समय लायो। ऋषि दाइले त्यो बेला पत्रिका दिनदिनै परीक्षा हुने र दिनदिनै नतिजा आउने ठाउँ हो, हतार गर्नुहुँदैन भन्ने वाक्य बोलेको सधै सम्झना रहन्छ।

लुम्बिनीमा व्यवस्थापन हेर्नथालेपछि ऋषि दाइ र एमबी दाइको योजनामा नयाँ व्यवस्थापनमा जाने कुरा भयो। नयाँ शेयर सदस्य थप्ने योजनाका साथ अगाडि बढियो, त्यही बेला ऋषि दाइले मलाई शेयर बन्न राखेको प्रस्तावले मलाई संस्थागत रुपमा अगाडि बढ्न प्रेरित गर्‍यो। यो बीचमा ऋषि दाइको अगुवाइका विभिन्न शाखा कार्यालय जाने कामले बढी प्राथमिकता पाए। चितवन, गैँडाकोट, स्याङ्जा, वालिङ, दाङको तुलसीपुर, घोराई, लमही, नेपालगञ्जसहित भैरहवा, तानसेन, गुल्मीको तम्घास, रिडी, अर्घाखाँचीको ठाडा पथ्थरकोटलगायतका स्थानमा खोलिएका शाखा कार्यालयमासँगै जाने र योजना बनाउने काममा साथै गइयो। त्यो बेला यी ठाउँहरूमा लुम्बिनीको वर्चश्वजस्तै थियो। संस्थागत कार्यक्रममा उहाँको रमाइलो, वार्षिकोत्सव तथा पिकनिकमा गरिने सबै पकवान्न वस्तुको व्यवस्थापन ऋषि दाइका विशेष सम्झना हुन्।

उहाँले संस्थामा रहने हरेक कर्मचारी र उनीहरूका सन्ततिलाई पढ्नपढाउन विशेष रुची राख्ने, अन्य क्षेत्रका विषयमा पढाउन विशेष चासो बढाउने गर्नुहुन्थ्यो। केही रोगले उहाँलाई च्यापे पनि धेरैलाई नभन्ने र मन लागेको कुरा खाने खुवाउने बानी मैले जानेदेखि उहाँमा रह्यो। छोराछोरीलाई पढाउने, हरेक क्षेत्रमा अब्बल बनाउने सधै उहाँको ध्यान रहिरहन्थयो। केही वर्षअघि उहाँको श्रीमतीको आकस्मिक निधनपछि अलिक नर्भस हुनुभएको थियो। त्यसपछि उहाँको दैनिकीमा केही फरक पर्न थालेको महसुस भेट हुँदा पाउने गरिन्थ्यो। पछिल्लो चरणमा म आफैँ पनि अस्वस्थ भएको थाहा पाएपछि पटक-पटक फोनमा उहाँले विभिन्न अस्पताल र डक्टरलाई देखाउन सिफारिस गर्ने, जडीबुटी र खानेकुराहरूको सुझावहरू दिने गरिरहनु भयो। उहाँ अलिक बढी बिरामी भएपछि घरमै भेट्दा अलि निराशाजनक कुरा गर्नुभएको थियो त्यो भेटपछि उहाँसँग भेट हुन पाए।

तीन दशक तपाईंको नजिकमा रहेर सिकेका धेरै ऊर्जामय सिकाइलाई व्यवहारमा उतार्ने प्रयास गर्नेछु। ६८ वर्षको उमेरमा उहाँसँग भएका धेरै ज्ञान हाम्रो समाज र विभिन्न संस्थाहरूले लिए र अझैँ लिन धेरै बाँकी थिए, तर त्यो संभव भएन। मृत्यु हुने दिन बिहानै मित्र मधु पन्थी उहाँको भान्जाले सूचना राखे मलाई विश्वासै लागेन। फोटा नै राखेर श्रद्धाञ्जली मामा लेख्दा पनि मनले मानेन। मधुलाई धेरैपटक फोन गरेँ सम्पर्क भएन। एमबी दाइलाई फोन गरेँ घटना कहाँ भएको भनेर पत्ता लगाउन, उहाँ पनि उस्तै आश्चर्यमा पर्नुभयो। अनि पुनः मधुलाई फोन गरे पनि घटनाको यथार्थ सुनेपछि विश्वास गर्न बाध्य भएँ। हार्दिक श्रद्धाञ्जली ऋषि दाइ।

खोज

# बुटवलको आभुषण बजारमा बंगाली कारीगरः एक अध्ययन



दीपक विश्वकर्मा (छविलाल)

**बुटवल क्षेत्रमा बंगाली कारीगरहरूको लेखाजोखा**

बुटवल एक सघन जनघनत्व भएको सहर हो । पूर्वपश्चिम तथा सिद्धार्थलोकमार्गले छोएको यो सहर एक औद्योगिक सहरको रुपमा विकास भइरहेको छ । शिक्षा, खेलकुद, स्वास्थ्य, रोजगारी आदि कारणले यो सहरको अकार्षण दिनदुईगुण रात चौगुनाकोदरले बढिरहेको छ । तराईको उर्बरभूमिसँग जोडिएको यो सहरमा पहाडी क्षेत्रबाट बसाइसराइगरि आउने मानिसहरूको बढी चाप रहेको छ । बैदेशिक रोजगारमार्फत भित्रिने विप्रेषण तथा स्थानीयस्तरमा सिर्जना भएका रोजगारीका अवसरहरूको कारणले पनि बुटवलवासीको क्रयशक्ति बढिरहेको छ। भनिन्छ सुनको खरिद भविष्यको सुरक्षा पनि हो। कहावतै छ "सुनका गहना, भविष्यका खजाना" । सोही कारणले पनि सुनका गहनाप्रति मानिसहरूको आकर्षण बढिरहेको पाइन्छ।

बदलिँदो समयको साथमा सुनका गहनामा पनि विविधता आएको छ। भूमण्डलीकरणको प्रभावले मानिसको जीवनचत्रमा मात्र फेरबदल आएको छैन लवाइखवाइ, रहनसहनमापनि फरकपना आएको छ। प्रवासन तथा आप्रवासनको कारणले प्रभाव पारेको सबैभन्दा टडकारोपक्ष भनेकै फेसनको क्षेत्रमा देखिएको परिवर्तन हो । त्यसमा पनि सुनका गहनामा भित्रिएको कलाकारीता उल्लेखनीय रहेको छ । नेपाली परम्परागत गहनाहरूको प्रयोगको प्रयोगको हिसावले सांस्कृतिक उत्सवहरूमामात्र सिमीत हुन पुगेको छ । परम्परागत नेपाली मौलिक गरगहनाहरूको प्रयोग पाकापुस्तासँगै हराउँदै पनि गइरहेको छ र आधुनिक डिजाइनका गरगहनाको प्रचलन दिन दुईगुना रात चौगुनाले बढिरहेको छ।

बुटवल क्षेत्रमा आधुनिक गरगहनाको प्रचलन बंगाली कारीगरहरूको प्रवेशसँगै शुरु भयो । अथवा फेसनको क्षेत्रमा आएको परिवर्तन र त्यो परिवर्तनसँग जोडिएको गरगहनाको डिजाइनको कारीगरीलाई परिपूर्ति गर्न बंगाली कारीगरहरू भित्रिए। बजारको माग आधुनिक गहनामा हुनु तर नेपाली परम्परागत कारीगरहरूबाट आधुनिक डिजाइनदार गहनाको निर्माणको सीप नपुग्नुको कारणले पनि बंगाली कारीगरहरूको बुटवलमा आगमन भएको मानिन्छ। (सर्वेक्षण–२०८०)

बुटवल क्षेत्रमा छरिएर रहेका प्रायःजसो सुनपसलहरूमा एकभन्दा बढी बंगाली कारीगरहरू जोडिएको देखिन्छ। (स्थलगत सर्वेक्षण–२०८०) विशेषतः परम्परागत सुनपसलको स्वरुपमा आएको परिवर्तन, स्वरुमको अवधारणाको प्रवेश तथा रेडिमेड गरगहनाको मागको कारणले पनि बंगाली कारीगरहरू सबैजसो दोकानहरूमा अपरिहार्यजस्तो बन्न पुगेको देखियो। (स्थलगत सर्वेक्षण–२०८०)

बुटवल क्षेत्रमा बंगालीहरूको प्रवेश कहिलेदेखि भयो ? बुटवल क्षेत्रमा प्रवेश गर्ने पहिलो बंगाली कारीगरहरू को को हुन् ? कामको खोजीमा पाकापुराना जी.बंगाली पहिलो पटक २०४६ सालमा काठमाण्डौ प्रवेश गरे। उनलाई काठमाण्डौ प्रवेश गराउने कलकत्तामा सुनपसल सञ्चालन गर्ने मारवाडी थिए। ती मारवाडीले काठमाण्डौमा पनि सुनपसल थियो । जीले सो पसलमा कारीगरको रुपमा २ वर्ष बिताए। काठमाण्डौको २ वर्षे बसाई त्यागेर थप अवसरको खोजिमा उनी नारायणगढमा आएर त्यहाँ २०५० सालसम्म काम गरे। नारायणगढ छँदै बुटवलका साहुहरूसँग सम्पर्क हुनगयो र सोही सम्पर्कलाई पहिल्याउँदै बि.सं. २०५२ सालमा उनी बुटवलसम्म आइपुगे। उनको बुटवल बसाईले ३ दशक पारगर्न थालेकोछ । एकल बुटवल प्रवेश गरेका बंगालीका छोराछोरीले बुटवलकै स्कुल कलेजमा शिक्षा आर्जन गर्दैछन्। (स्रोतः श्री श्री नवदुर्गा पुजा समिति, २०८०)

समयक्रममा गोपाल राजवंशीको सिको गर्दै र उनैको सपर्कसुत्रमार्फत बुटवलमा थुप्रै बंगाली कारीगरहरूको लस्कर लाग्न थाल्यो । बुटवल बजारको बिस्तार, सो–रुमहरूको फैलावटको कारणले पनि बंगाली कारीगरहरूको माग बढ्दै गयो । बर्तमानमा बुटवलक्षेत्रमा बंगाली कारीगरहरूको संख्या पारिवारीक जमघटसहित ७ सयको हाराहारीमा रहेको बंगालीहरूको संगठन पुजा समितिसँग अभिलेख रहेको छ। त्यो समग्रसंख्यामा सीपयुक्त कामदारको संख्या भने ४ सयको हाराहारीमा रहेको छ। (स्रोतः श्री श्री नवदुर्गा पुजा समिति, २०८०)

अध्ययन प्रयोजनका लागि बंगाली कारीगरहरूको ४ सय जनाको संख्यालाई समग्रजनसंख्या मानेर सोही समग्रताबाट कुल ३० जनालाई उत्तरदाताको रुपमा छनोट गरिएको थियो। ३० जना उत्तरदाताको बसाइ अवधी यसप्रकार रहेको छः

बसाइको अवधीको आधारमा बंगाली कारीगरहरूको संख्यात्मक वर्गीकरण

| क्र.सं. | संख्या | बुटवल बसाइ अवधी(वर्षमा) |
|---|---|---|
| १ | २ | २६-३० |
| २ | ५ | २१-२५ |
| ३ | ५ | ११-१५ |
| ४ | ८ | ५-१० |
| ५ | १० | १६-२० |
| जम्मा संख्याः ३० जना | | |

(स्रोतः श्री श्री नवदुर्गा पुजा समिति,२०८०)

उपरोक्त तालिकाले के देखाउँछ भने बंगालीहरूको भर्खरैबाट शुरु भएको होइन । उनीहरूको आगमले ३ दशक लामो काल पार गर्न लागिसकेको छ। नमुनामा छनोट परेका २ दुईजना बंगाली कारीगरको बुटवल बसाइ ३० वर्ष पुग्न थालेको देखियो। एक्काइसदेखि पच्चीस र एघारदेखि पन्ध्रवर्ष बसाइ गर्ने बंगाली कारीगरको संख्या समान पाँच जना पाइयो। आड जना कारीगरको बसाइ दश वर्षसम्म र दशजनाको भने बीस वर्ष पुग्न थालेको देखियो।

उपरोक्त तालिकाबाट के कुरा प्रष्ट हुनछ भने बंगालीहरूको बुटवल पहिलो रोजाइको क्षेत्र बनेको छ । बुटवल प्रवेश गरेका बंगालीहरू कामको खोजिमा वापस बंगालतिर फर्किर्न चाँहदैनन् । (स्थलगत सर्वेक्षण–२०८०)

**बंगाली तथा नेपाली कारीगरहरूको संख्यात्मक विवेचना**

बुटवलक्षेत्रमा सुनचाँदी पसलहरूको जतिलामो इतिहास रहेकोछ, कारीगरहरूको इतिहास पनि त्यत्तिकै लामो रहेको छ। गुल्मी, पाल्पा, अर्घाखाँचीलगायत जिल्लाहरूबाट बसाइसराइगरि आएका सुनचाँदी व्यवसायीहरूले बुटवलक्षेत्रमा पसलहरूको सुरुवात गर्दा पुर्ख्यौली थलोबाट नै कारीगरहरू साथमा लिएर आएका थिए। (सर्वेक्षण–२०८०) बुटवलबासी अन्यजातिका युवाहरूले सुनचाँदीको काम गर्न नचाहने वा गर्न नसक्ने कारणले गर्दापनि व्यवसायीहरू गाउँबाट नै कारीगरहरू साथमा लिएर आउन वा आफु बुटवलमा टेकिएपछि गाउँका सुनार युवाहरूलाई बोलाउन बाध्य भए। जातको आधारमा पेशाको वर्गीकरण भएको कारणले पनि कारीगरी पेशा सुनार युवाहरूबाट मात्रै सम्भव थियो। सुनको पेशा आफैमा मर्‍यादित तथा फाइदाजनक पेशा भएको कारणले गर्दा पनि सुनार युवाहरूमाझ कारीगरी गर्नु आफैमा गौरवको विषयसमेत हुन जान्थ्यो। काम गरेको छोटो समयमै प्रयाप्त धन आर्जन गर्नसकिने र छोटो समयमै मालिकसरहको हैसियतमा उक्लिन सकिने कारणले पनि सुनार युवाहरू कामको खोजीमा बुटवल झरे। कारीगरी पेशाप्रति सुनार युवाहरूको यति आकर्षण थियो कि कुनै समय बुटवलमा नेपमली कारीगरको संख्या १ हजारको आसपासमा पुग्न गएको थियो। (स्रोतः प्रस्तावित कारीगर ट्रेडयुनियन) तर समयक्रममा ठूलो संख्यामा बंगाली कारीगरहरूको उपस्थिति तथा सुन कारोबारमा आएको मन्दिको कारणले नेपाली कारीगरहरूको संख्या ह्वात्तै घटेर ४५० को सेरोफेरोमा पुगेको छ। (स्रोतः प्रस्तावित कारीगर ट्रेड युनियन संघ)

कुनै समय बंगाली कारीगरहरूको सीपयुक्त संख्यानै ७ सयको हाराहारीमा पुगेको थियो। ती सातसय जनाका परिवार तथा बालबच्चा जोड्दा कुनै समय समग्र बंगाली समुदायको संख्या १ हजारको आसपासमा पुगेको थियो । बजारमा छाएको आर्थिक मन्दी, सुनको भाउमा आएको उछाल र उपभोक्ताको क्रयशक्तिमा आएको ह्रासको कारणले पहिलेजस्तो काम नहुनाको कारणले थेप्रै बंगाली कारीगरहरू देश फर्किन बाध्य भए। यद्यपि अनेकौ समस्याका बाबजुद सीपयुक्त सक्रिय बंगाली कारीगरहरूको संख्या ४ सय र उनका जहान बालबच्चासहित ७ सयको हाराहारीमा बुटवलमा बंगालीहरूको बसोबास रहेको छ। (स्रोतः श्री श्री नवदुर्गा पुजा समिति)

**नेपाली र बंगाली कारीगरहरूको बीचको तुलनात्मक विवेचना**

**क. नेपाली कारीगर**

सुन् १९९० को दशक पछि विश्व खुलाअर्थतन्त्रको प्रवेश र भूमण्डलीकरणको प्रभावले बैदेशिक रोजगारीको बाटो खुल्न थाल्यो। भारतीय बजारमा आश्रित नेपाली श्रमबजार मलेशिया हुँदै खाडीमूलुकतर्फ मोडिन थाल्यो । फलस्वरुप युवाहरूको श्रमशक्ति मात्र विदेशिएन, आधुनिकीकरण पनि भित्रियो । बिप्रेषणबाट आर्जन भएको पैसाले मानिसहरूको क्रयशक्तिमा समेत उछाल आयो। यसैबीचमा फेसनको दुनियाँमा पनि नयाँनयाँ प्रयोग हुनथाल्यो। लवाइखवाइमा मात्र नभएर श्रृङ्गारीक क्षेत्रमा पनि आमूल परिवर्तन आयो । परम्परागत नेपाली भेषभुषा, गहनापातबाट नेपाली समाज टाढिँदै गयो। लत्ताकपडादेखि गरगहनाको क्षेत्रमा पनि उछाल आयो र नेपाली समाजमा सदियोंदेखि प्रचलनमा रहेका गरगहनाहरू पनि विस्तारै प्रयोगविहीन हुन थाले । शिरफुल हरायो, चन्द्रमा आयो। नौगेडी हरायो रानीहार आयो। बेरुवा औठी हरायो बंगाली औठी भित्रियो । एवम् प्रकारले सुनचाँदीका परम्परागत गरगहनाहरू विस्थापन हुँदै गएभने नयाँनयाँ डिजाइनका गहनाहरूको प्रयोग तराईदेखि हिमालसम्म फैलियो।

निःशन्देह सुनचाँदीको व्यवसाय आम्दानीको हिसावले उत्तम मानिन्छ। सोही कारणले पनि विश्वकर्मा(सुनार) युवाहरूको यो पेशाप्रति गहिरो लगाव रहेको देखिन्छ। समयक्रममा कतिपय कारीगरहरू कारीगरी गर्दागर्दै मालिकको हैसियतमा पुग्न सफल भएकाछन्। तर जसले आफ्नै दोकान शुरु गर्न पूँजीको जोहो गर्न सक्दैन वा कारीगरहरूको नाइके बनेर आफु मातहत कामदार लगाएर गहना उत्पादन गरेर अतिरिक्त कमाई गरिरहेका छन्, उनीहरू लामोसमय कारीगरको रुपमा नै काम गरिरहेको देखिन्छ। (फिल्ड सर्वेक्षण–२०८०)

नेपाली कारीगरहरूले मूलतः नेपाली परम्परागत गहनाको निर्माण गर्ने गर्दछन्। तर नेपाली समाजमा आधुनिकताको प्रवेशसँगै परम्परागत गहनाको मागमा कमि आइरहेको पाइयो। कतिपय जनजाति समुदायका महिलाहरूले आफ्नो जातीय रितीलाई औपचारिकता दिनबाहेक दैदिन्य प्रयोगमा परम्परागत गहनाहरूको प्रयोग गर्न छोडे । बुटवल बजारमा खोलिएका सुनपसलहरू सबैजसो शो–रुम डिजाइनका रहेकाले रेडिमेड दोकानको रुपमा सञ्चालनमा रहेका छन्। कतिपय पुराना मानिसहरूले आफ्नो परम्परालाई बचाउन आमा, हजुरआमाले लगाउने गरेका गहनाको चाहना राख्ने गरेको कारणलेमात्र अझैसम्म पनि बुटवलबाट नेपाली कारीगरहरूलाई विस्थापन हुन परेको छैन र थोरै संख्यामा भएपनि कारीगरीको बिडोलाई थामिएको छ। (फिल्ड सर्वेक्षण–२०८०)

नेपाली कारीगरहरूको कामको प्रकृति एकलकाटे प्रकारको पाइयो। मालिकबाट गहना बनाउन पाएको अर्डर एकल हातको प्रयोगबाट तैयार हुने गर्दछ। मानौ कुनै राजेन्द्र नामको कारीगरले दोकानबाट मुन्द्री बनाउने अर्डर पायो भने राजेन्द्र खुद एक्लैले सुन गाल्नेदेखि उज्यालाउने कामसम्म एकलहातबाट गर्ने गर्दछ। प्रायःजसो गहनाको निर्माणको चरण निकै लामो हुन्छ। प्रथमतः सुन पगाल्ने, त्यसलाई पाता वा तारको रुपमा ढाल्नको लागि सुन गाल्ने, मेसिनमा पेल्ने, हातैले पिटेर चाक्लो बनाउने, पातोमा लाहा भर्ने र छिनी तथा हतौडा(मैरी)को सहयाताले गहनाको आकार दिने। त्यसपछि पनि केहि चरणहरू पार गर्नुपर्ने हुन्छ। गेरुमा डुवाउने, साबुनपानीले धुने र चम्किलो बनाउने।

नेपाली कारीगरहरू कुनै सटर भाडामा लिएर वा सुनपसलको साहुले उपलब्ध गराएको वा पसलधनीकै स्वामित्वमा रहेको कोठामा बसेर काम गर्ने गर्दछन् । एकभन्दा बढी कारीगरहरूको बसाइको प्रकृति सामुहिक प्रकारको देखिएता पनि कामभने सबैको आआफ्नो हुन्छ । एउटै कोठामा चारपाँचजना कारीगरको बसाइ रहेकोहुन्छ तर सबैले भिन्दाभिन्दै गहनाको निर्माण गरिरहेका हुन्छन् अथवा एकै प्रकारका गहनाको निर्माण गरिरहेको भएता पनि ती गहनाहरूका मालिक भिन्दाभिन्दै हुन्छन्। (फिल्ड सर्वेक्षण–२०८०)

बुटवलमा मात्र होइन, जहाँकहिँ पनि बंगाली कारीगरहरूको प्रवेशभन्दा पहिले गहना निर्माणको प्रथमशुरुवातदेखि अन्तिम बिन्दुसम्म एकलहातबाट सम्पन्न हुने गर्थ्यो । उदाहरणको लागि सुन कारीगरस्वयम्ले पगाल्थे । शुरुवातका दिनमा त झन् पसल मालिक आफैले पुराना गरगहना पगालेर कारीगरलाई नयाँ गहना निर्माण गर्न सुनको भाग लगाएर दिन्थे। सुन पगाल्ने प्रक्रियालाई सुन खार्ने भनिन्छ। कारीगरहरूले पनि सुनको पाता वा तार, दाना र मटर आफैले तैयार गर्थे। तैयारी गहनामा निखार ल्याउन पालिस (कटिङ्ग) लगायत यावत गर्नुपर्ने जति काम खुद कारीगर आफैले गर्थे। तबमात्र गहना सुनपसलमा लगेर बुझाउथेँ । तर, बर्तमान समयमा गहना निर्माणको यो मौलिक परम्परा लोप भएर गएको छ । आजकाल यावत ती प्रक्रियाहरूको जिम्मा बंगाली कारीगरको हातमा सरेको छ । आजकाल गहना निर्माणको श्रीगणेश बंगाली कारीगरको हातबाट हुन्छ भन्दा फरक पर्दैन । सुनपगाल्ने बंगाली, बनाएर तैयार भएको गहनाको सफाइ गर्ने बंगाली, कटिङ्ग तथा डिजाइन गर्ने बंगाली, रंगरोगन तथा पोलिस गर्ने बंगाली। नेपाली कारीगर र साहुहरू त दलालीको स्तरमा खस्किरहेको देखियो।(फिल्ड सर्वेक्षण–२०८०)

यति हुँदाहुँदै र फेन्सी गहनाको निर्माण प्रक्रियामा बंगाली कारीगरहरूको हात हुँदाहुँदै पनि कतिपय परम्परागत गहनाहरूमा नेपाली कारीगरहरूको एकलौटी सीप लागेको हुन्छ । बुट्टेदार बाला, मारवाडी, रैयाँ, फुली तथा मुन्द्री, नौगेडी तथा तिलहरीजस्ता गहनाहरूमा नेपाली कारीगरको एकल सीप खर्चिएको हुन्छ। बाला बनाउन चाहिने सुनको पातालाई लाहाको फर्मामा लपेटेर कुदिने बुट्टामा एकल नेपाली कारीगरको हात रहेको हुन्छ। तर अन्तिम कटिङ्गको लागि त्यो बाला पनि बंगालीको कारखानामा पुग्छ र कटिङ्ग भएर आउँछ। यो प्रचलन भने भर्खरैमात्र शुरु भएको प्रचलन हो।(फिल्ड सर्वेक्षण–२०८०)

परम्परागत गहनाहरूको लामो श्रृङ्खला रहेको छ । आजसम्म बुटवलको जनघनत्व र मागमा तलमाथी नआएको र तदनुसार ती पुराना गहनाहरूको पनि माग अद्यावधि रहेकाले नेपाली कारीगरहरू टिक्न सकिरहेको देअियो । तर पनि माग र आपुर्तिको अनुपातमा भने निकै तलमाथि पर्न गएको कारीगर तथा साहुहरूको भनाई रहयो। केहि वर्ष पहिले हजारको संख्यामा काम गरिरहेका नेपाली कारीगरहरूको संख्यामा हठात कमि आइ ४ सयको आसपासमा खुम्चिनु मागमा आएको कमिको कारणले नै हो। (फिल्ड सर्वेक्षण–२०८०)

(समाजशास्त्र स्नात्तकोत्तरको प्रयोजनका लागि विश्वकर्माले गर्नुभएको शोधपत्र (थेसिस)को सम्पादित अंश)

» *क्रमश...*

---

**प्रत्यक्ष...**

उता अध्यक्ष संस्थाका जितबहादुर मल्लले २०६७ सालदेखि साधारणसभा तथा अधिवेशन हुन नसकेको स्वीकार गर्दै तीनपटक साधारणसभा तथा अधिवेशन गर्ने निर्णय भए पनि कोरोना महामारीलगायतका विभिन्न कारणले सम्पन्न गर्न नसकिएकोमा अब साधारणसभा तथा अधिवेशनको प्रकृया सुरु भइसकेको जनाए।

जिल्ला प्रशासन कार्यालय रुपन्देहीमा दर्ता भएको संस्थाको विधान अनुसार प्रतिनिधि छनोट भएर निर्वाचन गरिने व्यवस्था भए पनि केही व्यक्तिहरुले राजनीतिक पूर्वाग्रहका आधारमा योजनाबद्धरुपमा उपभोक्तामा अनावश्यक भ्रमको खेती गरिरहेको अध्यक्ष मल्लको दाबी छ।

बुटवल उप-महानगरपालिकामा खानेपानी संस्था सूचीकृत नभएको अवस्थामा उसले निर्देशन दिनु उचित नभएको उनको तर्क छ । उप-महानगरपालिकामा दर्ता हुन अधिकांश उपभोक्ताहरुबाट केही विषयमा परिमार्जन हुनुपर्ने माग रहेकाले नभएको उनले बताए।

नगर प्रमुख खेलराज पाण्डेय र अध्यक्ष मल्ल एउटै दल नेपाली कांग्रेसका भए पनि उनीहरुबीच गत स्थानीय चुनावदेखि नै मनमुटाव कायम रहेको र मेयर पाण्डेयले मल्ललाई अप्ठ्यारो पार्ने गरेको संस्थाका एक पदाधिकारीको भनाइ छ । २०६२ सालमा स्थापना भएको संस्थामा हाल २ हजार ६४५ घरधुरी उपभोक्ता रहेका छन्।

**बुटवल सुनचाँदी व्यवसायी संघ**
बुटवल, रुपन्देही

**मितिः २०८१/04/04 को**

**सुनचाँदीको बजारभाउ**

| | |
|---|---|
| छापावाला सुन प्रति तोला : | १,४८,००० |
| तेजावी सुन प्रति तोला : | १,४७,३०० |
| चांदी प्रति तोला : | १,८६० |

**कागजपत्र हराएको सूचना**

मेरो निम्न व्यहोरा भएको BBA तहको ट्रान्सकिप्ट तथा अन्य कागजपत्रहरु यही मिति २०८१।०१।२० गते भैरहवादेखि रोहिणी जाँदै गर्दा हराएको हुँदा भेटाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी अथवा निम्न ठेगानामा सम्पर्क गरी बुझाइदिनु होला।

**नाम :** रोहित बानिया
**कलेजः** बृहस्पति कलेज
**रजिष्ट्रेशन नंः–** २०१७–२–०३–२९५५
**ठेगाना :** रोहिणी–६, पर्स
**सम्पर्क नं. :** ९८१४४२०८५१

**कालिका मानवज्ञान माध्यमिक विद्यालय**
बुटवल–१०, रुपन्देही

**बोलपत्र आह्वान सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित २०८१/०४/०२

कालिका मानवज्ञान माध्यमिक विद्यालय बुटवल-१०, रुपन्देहीको लागि १ थान स्कुल बस खरिद गर्नुपर्ने भएकोले यो बोलपत्र प्रकाशन भएको मितिबाट १५ दिनभित्र रजिष्टर्ड कम्पनी/फर्म/आपूर्तिकर्ताले आवश्यक कागजात सहित सम्पूर्ण विवरण खुलाई नियमानुसार शिलबन्दी बोलपत्र पेश गर्न आह्वान गरिन्छ।

**आवश्यक विवरण**

| | | |
|---|---|---|
| 1 | Engine | 3500-4000cc |
| 2 | Braking Sytem | Auto Lock Braking(ABS) |
| 3 | Diesel Status | Common Rail Diesel Engine |
| 4 | Structure | Galvanized Tubular Structure |
| 5 | Roll Bar | Anti Roll Bar (Front & Rear) |
| 6 | Seat Capacity | 33 to38 |

**पेश गर्नुपर्ने कागजातहरु**
१. निवेदन
२. कम्पनी/फर्म दर्ता प्रमाणपत्रहरु
३. कर चुक्ताको प्रमाणपत्र
४. मूल्य सूची

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सम्पर्कः
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल–१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# पश्चिम बाग्लुङ–रूपन्देही सम्पर्क केन्द्र गठन




बुटवल । गण्डकी प्रदेशको बाग्लुङ जिल्लाको पश्चिम भेगका चार पालिकाबाट रुपन्देहीमा आइ बसोबास गरेकाहरुको भेलाले पश्चिम बाग्लुङ-रूपन्देही सम्पर्क केन्द्र गठन गरेको छ। बाग्लुङको पश्चिम भेगका ढोरपाटन नगरपालिका तथा निसीखोला, बडिगाड र तमान गाउँपालिकाबाट रुपन्देहीमा आएर बसोबास गरेकाहरुको भेलाले सम्पर्क केन्द्र गठन गरिएको हो।

बुटवल नयाँगाउँमा शुक्रबार भएको भेलाले देवबहादुर कुँवरको अध्यक्षतामा तदर्थ समिति गठन गरेको छ । केन्द्रको वरिष्ठ उपाध्यक्षमा इन्द्रजीत थापा, महासचिवमा नारायण भुसाल, सचिवमा एकराज पौडेल, कोषाध्यक्षमा मेखबहादुर शाही, सदयहरुमा होमबहादुर विक, जीतबहादुर कुँवर, गीता केसी, दिनेश घिमिरे, प्रकाश छन्त्याल, सीता विक, प्रेम शेरचन, लोकेन्द्र भण्डारी र किसन चन्द रहेका छन् । महिला उपाध्यक्षको पद केही दिनमा पूर्ति गरिने छ । यस्तै सल्लाहकारहरुमा कृष्णमान कुँवर, कृष्णप्रसाद शर्मा, रामबहादुर चन्द, भक्तबहादुर खडका, गोरख रोकालगायत रहेका छन् । तदर्थ समितिका अध्यक्ष देवबहादुर कुँवरले आपसी सहयोग आदान प्रदान र भाइचारा सम्बन्ध स्थापित गर्ने उद्देश्यले केन्द्र गठन गरिएको बताए । उनले पश्चिम बाग्लुङको ढोरपाटन नगरपालिकामा पर्ने प्रख्यात पर्यटकीय र शिकार आरक्ष क्षेत्र ढोरपाटनलाई लुम्बिनीको पर्यटनसँग जोड्नेलगायत सामाजिक कामहरु गर्दै जाने बताए । केन्द्रले पहिलो कार्यक्रमका रुपमा महिला दिदी बहिनीहरुका लागि तीज मिलन कार्यक्रम गर्ने कुँवरले बताए । भेलाको नेतृत्व गरेका जेष्ठ सदस्य कृष्णमान कुँवरले सामाजिक संघसंस्थाहरुमा राजनीतिको गन्ध आउन दिन नहुने सुझाव दिए।

# भेटिएनन् त्रिशुलीमा बगेका दुबै बस र ३८ यात्रु



**लुम्बिनी संवाददाता**

*चितवन*

चितवनको भरतपुर महानगरपालिका-२९ सिमलतालमा पहिरोसँगै त्रिशूलीमा खसेका दुई बस र सबै यात्रु बेपत्ता भएको एक हप्तासम्म पनि भेटिएका छैनन् । अघिल्लो शुक्रबार बिहान वीरगञ्जबाट काठमाडौं जाँदै गरेको बागमती प्रदेश ०३-००६ ख १५१६ नम्बरको बस र काठमाडौंबाट गौरतर्फ जाँदै गरेको बागमती प्रदेश ०३२४९५ ख ००१ नम्बरको गणपति डिलक्सको बस नारायणगढ-मुग्लिन सडकअन्तर्गत सिमलतालमा सँगै भएका बेला पहिरोले बगाउँदा त्रिशूली नदीमा बेपत्ता थिए।

दुवै बसमा गरी ६५ यात्रु रहेकामध्ये ३ जनाले पौडिएर ज्यान जोगाएका थिए। बाँकी यात्रु बेपत्ता भएका थिए। नदीमा बेपत्तामध्ये शुक्रबार साँझ यो खबर तयार गर्दासम्म २४ जनाको शव फेला परेको छ। दुई वटै बस र बसमा रहेका ३८ यात्रुको अवस्था अज्ञात छ। बेपत्ता भएकाहरुको अवस्था अज्ञात हुँदा परिवारजन र आफन्त पीडामा छन्।

बससँगै त्रिशूली नदीमा बगेका यात्रुका शव नारायण नदी हुँदै भारतसम्म पनि पुगेको पाइएको छ। साउन ४ गते शुक्रबार नवलपरासीस्थित नारायणी नदीमा थप दुई जनाको शव फेला परेसँगै मृत फेला पर्ने यात्रुको संख्या २४ पुगेको जिल्ला प्रहरी कार्यालय चितवनका प्रहरी प्रवक्ता डीएसपी भेषराज रिजालले जानकारी दिए । हालसम्म भेटिएका २४ शवमध्ये १५ वटाको सनाखत भएको छ भने ९ वटा शव पहिचान हुन बाँकी छ।

सनाखत हुन बाँकी ७ पुरुष र २ महिलाका शव छन्। 'दुई वटै बस र अझै ३८ जना यात्रुको अवस्था पत्ता लाग्न सकेको छैन,'-रिजालले भने-'खोजी जारी छ। खोजीमा नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरी, गोताखोर गरी ५ सय जना सोनार क्यामेरासहित निरन्तर खटिरहेका छन्।'

# नवीनमा पुरस्कार वितरण तथा अभिमुखीकरण कार्यक्रम



बुटवल । नवीन औद्योगिक कदरहादुर रीता माध्यमिक विद्यालय देवीनगरमा पुरस्कार वितरण तथा विद्यार्थी अभिमुखीकरण कार्यक्रम शुक्रबार सम्पन्न भएको छ।

उक्त अवसरमा प्रमुख अतिथि शिक्षाविद् प्राध्यापक आनन्दमान सिंह शाक्यले शिक्षकले विद्यार्थीहरूलाई पठनपाठनमा तीनवटा पक्षमा विशेष ध्यान दिनुपर्ने जसमा विद्यार्थीलाई माया गर्ने, उपलब्धिमूलक सिकाइ गर्ने र विद्यार्थीहरूले गरेका सकारात्मक कुरालाई स्वीकार गर्ने साथै विद्यार्थीले आफ्नो व्यवहारमा परिवर्तन ल्याई खुसी हुँदै धैर्यता, लचिलो र रमाइलो मान्ने क्षमाशील, नम्र, सहनशील र आत्मजागरणमा ध्यान दिइ भविष्यप्रति आशावादी हुनुपर्नेमा जोड दिए।

२०८० मा विज्ञान, व्यवस्थापन, कानुन र शिक्षा समूहबाट कक्षा ११ को वार्षिक परीक्षामा सर्वोत्कृष्ट जीपीए ल्याउने विज्ञान समूहबाट भागीरथी थारु र व्यवस्थापन समूहबाट प्रवेश भण्डारीलाई प्रमुख अतिथिले चेक तथा नगद पुरस्कार वितरण गर्नुको साथ उच्च जीपीए ल्याउने विज्ञान समूहबाट आकृति अधिकारी, पवन पौडेल, सुदीप खड्का, राजु यादव, शिव गैरे र अर्जुन भुसाल व्यवस्थापन समूहबाट माधव खनाल, इरफान अन्सारी, रमन बिक, भगवती कुँवर, एलिना क्षेत्री, अर्जुन पौडेल, कानुन समूहबाट शिक्षा बोहरा र शिक्षा समूहका सुजन अधिकारीलाई प्रमुख अतिथि शिक्षाविद् प्राध्यापक आनन्दमान सिंह शाक्यले नगद ३३ हजार चेक तथा रकम वितरण गरेका थिए।

वार्षिक परीक्षामा समूहगत तथा शेक्सनगत प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई पुरस्कारसमेत वितरण गरिएको थियो । यस शैक्षिक सत्रमा व्यवस्थापन समूह कक्षा ११ मा भर्ना भएका नवआगन्तुक विद्यार्थीहरूलाई अतिथि राममणि क्याम्पसका उप-प्राध्यापक पेशागत तथा उत्प्रेरणा प्रशिक्षक मुक्तिनाथ गैरेले उत्प्रेरणात्मक सहजीकरण गरेका थिए । विद्यालयका सहायक प्रधानाध्यापक अर्जुन खनालले विद्यार्थीले पालना गर्नुपर्ने आचार संहिता तथा विद्यालयका गतिविधिहरू सहजीकरण गरेका थिए । विज्ञान समूहका इञ्चार्ज लक्ष्मीनारायण चौधरीले पठनपाठनको समग्र पक्षहरूका सम्बन्धमा सहजीकरण गरेका थिए।

विद्यालयका प्रधानाध्यापक प्रेमबहादुर बस्नेतको अध्यक्षतामा कक्षा १२ कानुन समूहकी छात्रा शिक्षा बोहराको सञ्चालनमा सम्पन्न कार्यक्रममा विज्ञान समूहका भागीरथी चौधरी, व्यवस्थापन समूहका प्रवेश भण्डारी र शिक्षा समूहबाट सुजन अधिकारीलगायतले मन्तव्य व्यक्त गरेका थिए।

# एसईईमा शतप्रतिशत उत्तीर्ण गराउने शिक्षकहरुलाई सम्मान

**लुम्बिनी संवाददाता**

*कञ्चन*

रुपन्देहीको कञ्चन गाउँपालिकाले एसईई परीक्षामा शतप्रतिशत उत्तीर्ण गराउने शिक्षकहरुलाई सम्मान गरेको छ । पालिकाले आफ्नो पालिकाभित्रका सामुदायिक तथा संस्थागत विद्यालयबाट एसईई परीक्षा २०८० मा सहभागी भइ विषयगत रुपमा शत् प्रतिशत उत्तीर्ण गराउन सफल भएका शिक्षक तथा उत्कृष्ट जीपीए लिएर उत्तीर्ण विद्यार्थीहरुलाई सम्मान गरेको हो।

शिक्षक तथा विद्यार्थीहरुलाई सम्मान गर्दै कञ्चन गाउँपालिकाका अध्यक्ष नवराज ढकालले शिक्षाले सभ्य समाज निर्माणका लागि सदैव सकारात्मक रुपमा निर्देशित गर्ने बताए । विद्यालय तहको शिक्षालाई राम्रो बनाउन कुनै एक पक्षको जोडबलले मात्र सम्भव नहुने भएकोले शिक्षक, विद्यार्थी, अभिभावक र सरोकारवालाहरु बीचको सहसम्बन्ध अनिवार्य रहने अध्यक्ष ढकालले जनाए।

यसैगरी उपाध्यक्ष मौसमी थापामगरले आगामी दिनमा विद्यालयको शैक्षिकस्तरलाई राम्रो बनाउन समुदायका हरेक पक्षहरुको भूमिका र सहकार्य अनिवार्य हुने उल्लेख गरिन् । विद्यालयको नतिजा कमजोर हुनुमा कहाँ कसको कति कमजोरी छ भन्ने कुराको सुक्ष्मढंगले केलाउन नसके शिक्षामा कुनै परिवर्तन नआउने भन्दै जसले जे जति कराए पनि 'काग कराउँदै जान्छ पिना सुक्दै जान्छ' भन्ने कुराको चरितार्थ हुने उपाध्यक्ष थापा मगरले बताइन।

यस्तै कार्यपालिका सदस्य कुमारी घर्तीले जहाँ-जहाँ महिलाहरुको नेतृत्व छ त्यहाँ त्यहाँ नेतृत्व क्षमता अब्बल भएको उल्लेख गरिन । शैक्षिक संस्थाहरुमा पनि महिलाहरुले नेतृत्व गरेको विद्यालयहरुमा सकारात्मक परिर्वतन देखा परेको कार्यपालिका सदस्य घर्तीले बताइन।

कार्यक्रममा कार्यपालिका सदस्य तथा सामाजिक विकास समितिका संयोजक चित्रलाल तुलाचनले देशको भविष्यका कर्णधार भनिएका बालबालिकाहरुले पढ्ने विद्यालय क्षेत्रको सुधार नगरेसम्म उत्कृष्ट नतिजाको आश गर्नु व्यर्थ हुने उल्लेख गरे।

आफू बाहिर हिंड्दा पनि एसी र कोठाभित्र बस्दा पनि एसीमा बस्ने, तर विद्यार्थीहरुले पसिना चुहाएर पंखाविहीन कक्षा कोठामा बसेर कस्तो शिक्षा ग्रहण गर्छन् र उत्कृष्ट नतिजा ल्याउछन् भन्दै तुलाचनले प्रश्न गरे । जबसम्म विद्यालयमा शिक्षक रिक्त हुँदा राम्रो शिक्षकको छनौट गर्न पाउँदैनन्, सरुवा, बढुवा र नियुक्तीमा पैसाको लेनदेनको विकृत संस्कारको अन्त्य हुँदैन तवसम्म शिक्षामा अपेक्षाकृत नतिजाको कुनै कल्पना गर्न नसकिने कार्यपालिका सदस्य तथा प्रवक्ता चित्र तुलाचनले जिकिर गरे।

कार्यक्रममा शिक्षा समितिका सदस्य लेखनाथ पौडेल, सम्मानित शिक्षकहरु सीता लोहनी, दुर्गाप्रसाद शर्मा, विद्यार्थी प्रभाव आचार्यलगायतले कञ्चनको शिक्षालाई सुधार गर्न विषेश योजनाको निर्माण गर्न आवश्यक रहेको र परम्परागत शिक्षण विधि र प्रशासनले हरेक वर्ष नतिजामाथि टिप्पणी भोगिरहनु पर्ने बताएका थिए।

कञ्चन गाउँपालिकाका अध्यक्ष नवराज ढकालको अध्यक्षता, रोजगार संयोजक ईश्वरी ज्ञवालीको सञ्चालन तथा शिक्षा शाखा प्रमुख रमेश भुसालको सहजीकरणमा भएको कार्यक्रममा एसईई परीक्षामा उत्कृष्ट नतिजा ल्याउन सफल जनज्योति माध्यमिक विद्यालयलाई समेत सम्मान गरिएको थियो।

कञ्चन गाउँपालिकाको सभाहलमा सम्पन्न भएको कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत सागर गौतम, वडा अध्यक्ष तथा शिक्षा समितिका पदाधिकारी, विद्यालयका प्रधानाध्यापक, विद्यार्थी, शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदधिकारी तथा अभिभावकहरुको सहभागिता रहेको थियो।


HYDRABADI
DUM BIRYANI
Quality Lasi Center




HALAL
9809529708, 9826426071
Butwal-6, Nepalgunj Road
www.hydrabadimatkadumbiryani.com

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधैं हामीलाई सम्झनुहोस्
सम्पर्क:
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि) यातायात मजदूर संघको भवनमा
फोन:–०७१–५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।
गगन सेनेटरी ९८६७०२१६१४, ९८१५४४७६४८
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
गगन सेनेटरी (२) ९८०४४१३२८७, ९८१२९८६३१७
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

नेपाल सरकारद्वारा मान्यता प्राप्त पश्चिम नेपालकै पहिलो बहु विशेषज्ञ दन्त अस्पताल
आले डेण्टल हस्पिटल प्रा. लि.
श्रवणपथ, बुटवल-६, रूपन्देही, नेपाल (भुड्कीचोक देखि ५० मिटर पूर्व)
071-530108, 532544 dentalhospitalale@gmail.com www.aledentalhospital.com
दाँत, मुख तथा गिजा उपचार केन्द्र




"Healthy Smile, Happy Life" Our Location "स्वस्थ मुस्कान, खुशी जीवन"


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com